# नेपाल भारतबिचको आर्थिक सम्बन्ध, नाकाबन्दी र आत्मनिर्भर अर्थतन्त्रको बहसः एक विवेचना



**सूर्यनारायण पौडेल**
सहप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस

**पृष्ठभूमिः**

नेपाल र नेपाल भारत बिचको सम्बन्ध वर्षौं पुरानो छ । यी दुई देशबिचको सिमाना सदीयौंदेखि खुल्ला छ । भारतसँग हाम्रो भौगोलिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा निकटतम नाता रहेको छ । नेपाल विश्वको एउटा भूपरिवेष्टित देश मात्र नभई केही हदसम्म भारत परिवेष्टित देशका रूपमा रहेको छ । नेपालको पूर्व, पश्चिम र दक्षिणतर्फ करिब १८५५ कि.मि. सीमा भारतसँग जोडिएको छ । तेस्रो मूलकसम्म पुग्न पनि भारतकै नाका भएर जानु पर्ने हाम्रो भौगोलिक बाध्यता छ । सन् १९९३ देखि नेपाल र भारतबिचको विदेशी विनिमय दर स्थिर छ । नेपाल र भारत दुवै विश्व व्यापार सङ्गठनदेखि लिएर अन्तर्राष्ट्रिय क्षेत्रीय व्यापार तथा सहयोग सङ्गठनका सदस्य समेत रहेका छन् । भारतले नेपाली वस्तुहरूलाई शतप्रतिशत सौविध्य सुविधा प्रदान गरेको छ भने नेपालले पनि भारतीय वस्तुहरूलाई यस्तो सुविधा प्रदान गर्दै आएको छ ।



**आर्थिक सम्बन्ध :**

भारतमा २० लाखभन्दा बढी नेपालीहरूले विभिन्न पेसा व्यवसायहरू अँगालेका छन् भने ६ लाखभन्दा बढी भारतीयहरू नेपालमा विभिन्न पेसा व्यवसायमा संलग्न भएको अनुमान छ । नेपाल भारतले विप्रेषण भित्र्याउने सातौं स्रोत मुलुकको रूपमा रहेको छ । नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने मुलुकहरूमध्ये ४० प्रतिशतभन्दा बढी हिस्सा ओगटी भारत प्रथम स्थानमा रहेको छ । सरकारी तथ्याङ्क अनुसार सन् २०१३ सम्ममा ५६६ वटा परियोजनाहरूमा करिब २५ अर्ब ३९ करोड रूपैयाँ भारतीय लगानी रहेको छ । नेपाललाई ऋण तथा अनुदान सहयोग गर्ने मुलुकमा पनि भारत नै अग्रणी स्थानमा छ । नेपाल र भारतबिचको आधुनिक वाणिज्य सम्झौतामा आधारित छ । नेपालको तुलनामा भारतको अर्थतन्त्र विशाल, सबल र स्वाधीन छ । यी दुई देशबिच बेलाबखतमा उत्पन्न हुने तनाव र असमझदारीबाट नेपालले ठुलो क्षति ब्यहोर्नु परेको छ । सन् १९९०को दशकमा पनि हामीले १३ महिना लामो नाकाबन्दी ब्यहोर्नु पऱ्यो ।

**नाकाबन्दी :**

सार्वभौम सम्पन्न नेपाली जनताले बनाएको संविधान ९० प्रतिशत जनप्रतिधिहरूले हस्ताक्षर र समर्थन गरी निर्माण गरेको नेपालको संविधान २०७२ लाई सर्वत्र स्वागत र सराहना भइरहँदा छिमेकी मुलुक भारतले भने आपत्ति जनायो । नेपालले संविधान जारी गरेको भन्ने जानकारीमा भएको भन्ने जस्ता वक्तव्य जारी गरी नेपालीहरूको खिल्ली उडायो । तराई र मधेस केन्द्रित दल र तिनका केही नेताहरूले संविधानमा सुनिश्चित गरिएका आफ्ना हक अधिकारहरूलाई ग्रहण गर्नुको सट्टा नाका केन्द्रित धर्ना र आन्दोलनलाई चर्काउने प्रयत्न गरे । यही निहुँमा भारतले सीमानाकामा कडाइ र आयातित वस्तु तथा सेवाहरूको प्रवेशमा रोक लगाइ दियो । दश वर्षे गृहयुद्धको चपेटामा परी सङ्क्रमित भएको नेपालको अर्थतन्त्रलाई २०७२ साल वैशाख १२ गते आएको भूकम्प र त्यसपछिका लगातारका पराकम्पन अनि अहिलेको भारतीय अघोषित नाकाबन्दीले पूर्णरूपमा थला पाऱ्यो। अन्तर्राष्ट्रिय व्यापार र मापदण्ड अनुसार युद्ध भएको अवस्थामा पनि यसरी नाकाबन्दी गर्न पाइँदैन ।

## आर्थिक विकासमा नकरात्मक प्रभाव :

मेधस केन्द्रित दलहरूको अवरोध र अघोषित नाकाबन्दीका कारण देशले ठुलो आर्थिक क्षति ब्यहोर्नु परिरहेको छ । गत १० वर्षमा छिमेकी मुलुक चीन र भारत ७ प्रतिशतभन्दा बढीको आर्थिक बृद्धि दर हासिल गरि रहँदा नेपालले भने जम्मा ३.५ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो । भूकम्प र नाकाबन्दीपछि यो वर्षको आर्थिक वृद्धिदर ३७ वर्षपछि फेरि ऋृणात्मक हुने निश्चित छ । सरकारले खर्च गर्न नसक्दा एसियाली विकास बैङ्कले प्रतिबद्धता जनाएको १ खर्ब ७० अर्बमध्ये १ खर्ब २५ अर्ब रूपैयाँ यत्तिकै थन्किएको छ । सरकारले खर्च गर्ने क्षमतामा आएको ह्रासले आफ्नै स्रोतबाट उठेको रकम खर्च गर्न नसकिरहेको अवस्थामा विदेशीको सर्त सहित आउने रकम खर्च गर्न नसक्नु कुनै नौलो भने होइन । दशक यता सरकारको विकास लक्षित पुँजीगत खर्च विनियोजित रकमको करिब ८० प्रतिशतको हाराहारीमा मात्रै हुने गरेको गत वर्ष ७० प्रतिशतभन्दा कम पुँजीगत खर्च भयो भने चालु आ.व.को ६ महिना बिति सक्दा जम्मा ७ प्रतिशत मात्र पुँजीगत खर्च भएको छ ।

## राजस्व असुलीमा कमी :

मधेस कन्द्रित दलहरूको अवरोध र अघोषित भारतीय नाकाबन्दीले गर्दा तराई क्षेत्रका २२ हजारभन्दा बढी उद्योगहरू बन्द भइसकेका छन् । यी उद्योगहरूमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा काम गर्ने ५ लाख मजदुरहरूले आफ्नो रोजीरोटी गुमाएका छन् । आन्दोलन र नाकाबन्दी यता मुलुकले करिब १० खर्बभन्दा बढी क्षति बेहोरेको दाबी छ । निजी क्षेत्रले मात्र ३ खर्बभन्दा बढी क्षति बेहोरिसकेको दाबी छ । वीरगञ्ज बाहेक अरु नाका केही खुकुलो भए पनि आयात निर्यातको प्रमुख नाका र नेपालको पहिलो राजस्व असुली केन्द्र वीरगञ्ज भन्सार पूर्णरूपमा ठप्प हुँदा झन्डै ८० अर्ब राजस्व गुमेको अनुमान छ । एसियाली विकास बैङ्कको सहयोगमा वीरगञ्जमा निर्माण हुन लागेको मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना समेत अलपत्र परेको छ ।

## तरलतामा वृद्धि र मुद्रास्फिति:

देशमा लगानीका लागि प्रतिकूल वातावरण बन्दै जाँदा बैङ्कहरूमा तरलता थुप्रेको छ । विगत ९ महिनामा मात्र ५३ पटक बजारबाट केन्द्रीय बैङ्कले ७ खर्बभन्दा बढी तरलता उठाइ सकेको छ । एकातिर बैङ्कहरूमा तरलता थुप्रिँदै गएको छ । अर्कोतर्फ मुद्राको क्रयशक्ति घट्दै गइ रहेको छ । यो वर्ष झन्डै १२ प्रतिशतले मुद्रास्फिति भएको छ । गत वर्ष यही समयमा मूल्यवृद्धि करिब ७ प्रतिशतको हाराहारीमा थियो । मधेस आन्दोलन, नाकाबन्दी यता दैनिक उपभोग्य वस्तु दाल र गेडागुडीमा ४४ प्रतिशत सम्मको मूल्यवृद्धि भएको छ भने घिउ, तेल, चामलको मूल्य ४० प्रतिशतभन्दा बढीले बढेको छ । दैनिक उपभोग्य वस्तुहरूको मूल्य दिनप्रतिदिन बढ्दै जाँदा आम सर्वसाधारणको जीवनस्तर अत्यन्तै कष्टकर बन्दै गइ रहेको छ ।

## आपूर्ति व्यवस्था र कालोबजारी :

नाकाबन्दीको बाह्य प्रभावभन्दा पनि आन्तरिक व्यवस्थामा देखिएको कमी कमजोरीले केही समय त देशमा सुरक्षा नै नभएको जस्तो सम्पूर्ण जनताहरू अभिभावक गुमाएका टुहुरा जस्ता भए । सरकारले आपूर्ति व्यवस्थामा ध्यान नदिँदा सर्वसाधारणहरू पनि सरकारको मुख ताक्नुभन्दा आफैँ अति आवश्यकीय वस्तु खाद्यान्न र इन्धनको जोहो गर्न थाले । फलस्वरूप देशमा कालो बजारी र समानान्तर अर्थतन्त्रको सृजना हुन पुग्यो । आज बजार यस्तो भएको छ कि जहाँ जुनसुकै कुराहरू सहजै पाइन्छन् तर उपभोक्ताले सामानको मूल्य भने कयौँ गुणा बढी बुझाउनु पर्दछ । मूल्य तिर्न तयार नहुनेले केही पाउँदैन । यसरी देश दुःखेको र आम नागरिकले धैर्यधारण गरि रहेको अवस्थामा पनि सरकारले आपूर्ति व्यवस्था आफ्नो सक्रियता र कुशलता देखाउन सकेन यदि सरकारले दह्रोसँग खुट्टा टेक्यो र समग्र सरकारी संयन्त्रलाई उच्च मानिसकता र दृढ इच्छाशक्तिका साथ परिचालन गर्दथ्यो भने केही हदसम्म यो समस्यालाई समाधान गर्न सकिन्थ्यो नेपाल आयल निगमका कर्मचारी र सुरक्षा निकायका मानिसहरू समेत कालो बजारीमा संलग्न भएका केही घटनाहरूले तस्करी र कालो बजारीलाई वैधानिकता प्रदान गर्दै गयो । यसमा राजनीतिक दलका कार्यकर्ता र पहुँचवालाहरूको समेत संलग्नता देखियो । यसरी केही समय बजारमा सबैतिरबाट लुट मच्चाइरहँदा सरकार र संयन्त्रले भने टुलुटुलु हेरिरह्यो । सरकारको

उपस्थिति कहीं कतै भएको जनताले महसुस गरेनन् । हुनत सरकार र प्रहरी प्रशासनको सक्रियतामा कालो बजारी गर्नेलाई कारबाही भएका केही समाचारहरू नआएका होइनन् । मुलुक अहिले असहज परिस्थितिमा भएका बेला तस्करी , कालो बजारी र महँगीलाई सर्वसाधारण जनताले सजिलै पत्याउलान् तर यसरी सङ्गठित रूपमा बढ्दै गएको समानान्तर अर्थतन्त्रको जालोलाई सरकारले तोड्न खोज्दा देशमा अर्को अरजकता  उत्पन्न हुन सक्ने खतरा बढ्दै गएको छ ।

**गरिबी बढ्ने :**

नेपालको हालको अवस्था लामो समयसम्म कायम रहेमा धेरै ठुलो जनसङ्ख्यालाई गरिबीको चक्रमा लपेट्छ ।यो परिस्थितिलाई नजिकबाट नियालि रहेको विश्व बैङ्कले नेपालमा आधाभन्दा बढी जनसङ्ख्या गरिबीको रेखामुनि पुग्ने चेतावनी दिएको छ । नेपाल जस्तो गरिब र अस्थिर राजनीतिक अवस्था भएको मूलकका लागि यो अत्यन्तै खतरनाक अवस्था हो । देशमा आन्तरिक उत्पादन शून्यतिर झर्दै जाने र आयातित उपभोग्य वस्तुहरूको मूल्य चुलिँदै जाने तथा आम विपन्न नागरिकहरूले रोजगारी गुमाउने र कम पारिश्रमिक प्राप्त गर्ने अवस्था आउन थालेको छ । फलस्वरूप देशलाई एकैचोटि महँगी र बेरोजगारीको सामना गर्नु परेको छ ।

अहिलेको जटिल परिस्थितिबाट पार पाउन सरकारले बेलैमा नाकाबन्दीलाई अन्तर्राष्ट्रियकरण गर्न सक्नु पर्दथ्यो । एउटा भूपरिवेष्टित राष्ट्रले निर्बाध रूपमा पाउनु पर्ने पारवहन सुविधाको दाबी हामीले अन्तर्राष्ट्रिय मञ्चमा गर्न सकेनौँ । विश्व व्यापार सङ्गठनमा नेपाललाई भारतले निर्यात गरि रहेको अति आवश्यकीय इन्धन लगायत खाद्य सामग्रीहरू रोक्यो भनी अपिल पनि गर्न सकिन्थ्यो । भारतसँगको सम्बन्धमा चिसोपन देखिएपछि अन्य मित्रराष्ट्रहरूसँग अनुरोध गरी आपूर्ति व्यवस्थालाई सुचारू गर्न पनि हामी चुक्यौँ ।

**आत्मनिर्भर अर्थतन्त्रको बहस :**

लामो समयदेखि तराई मधेसमा चलेको आन्दोलन र अघोषित भारतीय नाकाबन्दीपछि अहिले नेपालमा आत्मनिर्भर अर्थतन्त्रको बहस चलिरहेको छ । आज विश्वको कुनै पनि देश आत्मनिर्भर छैन र पूर्णरूपमा आत्मनिर्भर हुन सम्भव पनि छैन । हामीले जतिसुकै कुरा गरेपनि आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न त्यति सजिलो छैन भने अधिकतम आत्मनिर्भर भने हुन सकिन्छ । यसका लागि देशमा उपलब्ध स्रोत र साधनहरूको आधारमा वस्तु तथा क्षेत्रहरूका प्राथमिकीकरण गरी सोही अनुसार योजना नीति तथा कार्यक्रमहरू बनाई अवलम्बन गर्नु पर्दछ । कतिपय कुराहरूमा हामी तुरून्त आत्मनिर्भर बन्न सक्दछौँ भने कतिपय कुराहरूमा आत्मनिर्भर बन्न लामो समय लाग्न सक्दछ । उदाहरणका लागि कृषिजन्य केही वस्तुहरूमा हामी छोटो समयमै आत्मनिर्भर बन्न सक्दछौँ भने ऊर्जा वा जलविद्युत्का क्षेत्रमा केही वर्ष धैर्य गर्नुपर्छ । जलविद्युत्मा हाम्रो तुलनात्मक रूपमा बढी सम्भावना छ भनेर मात्र हुँदैन यसका लागि दीर्घकालीन योजना र कार्यान्वयनमा इमानदारिता हुनु पर्दछ । अधिकतम आत्मनिर्भरका लागि निम्न कुराहरूमा ध्यान दिनु पर्छ ।

**१) कृषि :**

कृषिलाई जीवन निर्वाहका लागि खेतीबाट बजारीकरण र आधुनिकीकरण गर्नुपर्दछ । तुलनात्मक लाभको उत्पादनमा जोडेर हावापानीमा भएको विविधता अनुसार कृषिमा पनि विविधीकरण गर्नु पर्दछ । कृषि अनुदानमा वृद्धि गरी कृषिलाई उद्योगको रूपमा विकास गर्न सक्नुपर्दछ । यसका लागि कृषक बैङ्क र सरकारी कार्यालयमा धाउने होइन बरू बैङ्क र सरकार स्वयम् कृषककहाँ पुग्न सक्नु पर्दछ ।

**२) पर्यटन :**

नेपाललाई आत्मनिर्भर बनाउन तुलनात्मक लाभ भएको अर्को क्षेत्र पर्यटन हो यसको विकास र प्रवर्धनमा सरकारले ध्यान दिएको छैन । पूर्वाधार र प्रचार प्रसारको अभावमा यो क्षेत्र सङ्कुचित रूपमा जस्तो चलिरहेको छ । यसका लागि केवल कागजमा योजना मात्र भएर हुँदैन सरकार कार्यान्वयनको तहमा खरो उत्रन सक्नु पर्दछ ।

**संरक्षण नीति :**

स्वदेशी उद्यमी र उद्योगहरूलाई संरक्षण नीतिद्वारा अर्थतन्त्रलाई केही हदसम्म आत्मनिर्भर बनाउन सकिन्छ । खाद्यान्न, तेल, सिमेन्ट, औषधी जस्ता वस्तुहरू उत्पादन गर्ने उद्योगहरूलाई उचित संरक्षण र प्रवर्द्धन गर्न सकेमा

हालको आंशिक आत्मनिर्भरतालाई पूर्ण निर्भरता तिर उन्मुख गराउन सकिन्छ । विगतमा राज्यले उचित संरक्षण दिन नसक्दा वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरू बन्द हुन पुगेको हामीसँग तितो अनुभव छ भने आज चामल लगायत खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरूले यही समस्या भोगिरहेका छन् ।

**लगानीको गन्तव्य :**

औद्योगिक लगानीको क्षेत्रमा हाल देखिएको ऊर्जा सङ्कटबाट देशलाई मुक्त गरी सस्तो र सुलभ ऊर्जा, मानव संसाधन भौतिक तथा आम्दानीको सुरक्षा लगायतका पूर्वाधारहरूको सृजना गरी नेपाललाई लगानीको गन्तव्य बनाउन सकेमा मात्र हामी आत्मनिर्भर अर्थतन्त्रको कल्पना गर्न सक्दछौं । देशमा बहुराष्ट्रिय कम्पनी र ठुला उद्योगहरूलाई भित्र्याउन सकेमा अन्य सहायक उद्योगहरूको समेत स्थापना र विकास हुन जान्छ । यसले देशमा रोजगारीको अवसरहरू व्यापकरूपमा सृजना हुन गई हालको बेरोजगारी र मानव साधनको विदेश पलायनलाई समेत केही हदसम्म रोक्न सकिन्छ । नेपालमा हाल उद्योग र लगानी निरूत्साहित हुँदै गइरहेको छ भने व्यापार र कारोबारमा वृद्धि हुँदै गइरहेको हाम्रो बढ्दो आयात र घट्दो निर्यातले यही कुरालाई पुष्टि गर्दछ । अर्थतन्त्रमा उद्यमी र लगानीकर्ताभन्दा व्यापारीहरू हाबी भइरहेको अवस्था छ । यसमा निजी क्षेत्रमात्र होइन सरकार पनि उत्तिकै जिम्मेवार छ जसको प्रतिफल आज हामीले भोगि रहेका छौं, उद्यमी र लगानीकर्तालाई प्रोत्साहन गर्न सरकारले विभिन्न अनुदान र पूर्वाधारहरूमा व्यापक लगानी गर्नुपर्दछ भने व्यापारलाई प्रोत्साहन गर्दा बढी कर सङ्कलन गरी सफल अर्थमन्त्री र सरकार हुन पाइन्छ । यो मानिसकताबाट राजनैतिक दल र तिनका नेताहरू मुक्त हुन सक्नुपर्दछ । अनि मात्र देशलाई लगानीको गन्तव्य बनाउन सकिन्छ ।

यसरी तुलनात्मक लाभका केही क्षेत्रहरू पहिचान गरी पहिला यी क्षेत्रहरूमा हामी सबल र सक्षम हुनुपर्दछ । यसका साथै अन्य सम्भावित क्षेत्रहरूको पनि अध्ययन अनुसन्धान र पहिचान गर्दै जानु पर्दछ । कृषि र जलविद्युतमा मात्र हामी आत्मनिर्भर बन्न सक्यौं भने पनि आजको जस्तो यति धेरै अन्य राष्ट्रहरूबाट हेपिनु पर्दैन ।

**निष्कर्ष :**

हाम्रो भौगोलिक अवस्था र भारतसँगको निकटताले गर्दा जति हामीलाई दक्षिणतर्फ व्यापार गन्तव्य विस्तार र विविधीकरण गर्न सहज छ उत्तरतर्फ त्यति सजिलो छैन । समस्या परेको बेलामा मात्र आत्मनिर्भरताको कुरा गर्ने र उत्तरलाई सम्झने अनि अलिकति सहज परिस्थितिमा सबै कुरा बिर्सने रोग नै हाम्रो अन्तर्राष्ट्रिय व्यापारको जटिलताको कारण हो । आर्थिक र राजनीतिक पराधीनताको जड पनि यही हो । त्यसैले भारतसँगको हाम्रो सम्बन्ध र व्यापारमा देखिएको समस्याको चुरो पत्ता लगाई गाँठो फुकाउनु पर्दछ । यसका लागि राजनीतिक नेतृत्व प्रतिबद्ध हुनु पर्दछ । सबै राजनैतिक दल र तिनीहरूका नेताहरूले संविधान निर्माणपछि देशको राजनीतिक समस्या समाधान हुने आर्थिक विकासको मुहान फुट्ने सपना नेपाली जनतालाई बाँडेकाले अब त्यस दिशातर्फ कदम चाल्नु पर्दछ । आजको आवश्यकता पनि यही हो ।

**सन्दर्भ सामग्रीहरू :**


- ❖ अर्थ मन्त्रालय (२०७२) आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७१/७२ काठमाडौं : नेपाल सरकार अर्थ मन्त्रालय
- ❖ नेपाल राष्ट्र बैङ्क २०६१) आर्थिक गतिविधि अध्ययन । वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०६८/०६९ काठमाडौं : नेपाल राष्ट्र बैङ्क
- ❖ नेपाल राष्ट्र बैङ्क (२०७२)
- ❖ पौडेल सूर्यनारायण (२०७१), अर्थशास्त्र , काठमाडौं, प्रज्ञान प्रकाशन
- ❖ राष्ट्रिय योजना आयोग २०७१ तेह्रौं योजना -आर्थिक वर्ष २०७०/७१-२०७२/७३), काठमाडौं नेपाल सरकार

Website

- www.nrb.org.np
- www.mov.gov.np
- www.cbs.gov.np
- www.karobardaily.com
- www.kantipur.ekantipur.com
- www.arthiknew.com
- www.aviyan.com


❖